# मिति २०७९/०६/२७ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या ९७

**बैठकका एजेन्डाहरु :**

१. गत बैठकको समिक्षा गर्ने ।

२. प्रदेश पूर्वाधार विकास प्राधिकरण लुम्बिनी प्रदेशको लागि योजना छनौट गर्ने ।

३. विद्यालय व्यवस्थापन अनुदानलाई वितरण गर्ने अध्ययन प्रतिवेदन समिति गठन गर्ने ।

४. वडा नं. १० को योजना संशोधन सम्बन्धमा ।

५. नगरपालिकाका मुद्दा मामिलाको प्रतिउत्तरको अधिकार प्रत्योजन सम्बन्धमा ।

६. थाइल्याण्डको खोनकान शहर संग भगिनी सम्बन्ध कायम गर्ने ।

७. न्यायिक समितिको कामकाज सम्पादनमा सहयोगको लागि अधिवक्ता मनोनयन गर्ने ।

८. समसामायिक विविध ।

**निर्णयहरु**

१. मिति २०७९/०५/२२ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यन्वयनको समिक्षा गर्दा गत बैठकबाट भएका निर्णयहरु पूर्ण रुपमा कार्यन्वयन भइ रहेको सहर्ष जानकारी गराइन्छ ।

२. प्रदेश पूर्वाधार विकास प्राधिकरण लुम्बिनी प्रदेशले महत्वपूर्ण योजना छनौट गरी पठाउन माग भए बमोजिम तपसिलका योजनाहरु छनौट गरि सिफारिस साथ पठाउने निर्णय गरियो ।

**तपसिल**

१. पोखरी सौन्दरीकरण वडा नं. ५, डंगरी

२. पोखरी सौन्दरीकरण वडा नं. ४, महुवा

३. अरौराकोट कनकमुनी बुद्धको प्रतिमा देखि अरौराकोट, पर्सिया, पकडी पर्यटकीय सडक

४. महुवा, पिपरी, लौसा, बिठुवा कृषि सडक

५. मैनिहवा–पचेहरा कृषि सडक

३. नगर सभाबाट विनियोजित विद्यालय व्यवस्थापन अनुदानलाई वितरण गर्ने प्रयोजनार्थ विद्यालयहरुको अनुगमन गरी कुन कुन विद्यालयलाई न्यूनतम के कति रकम आवश्यक पर्ने हो, सम्बन्धित वडाको वडा अध्यक्षको रोहवरमा अध्ययन गरी प्रतिवेदन पेश गर्न सामाजिक विकास समितिका संयोजक श्री दिरेप कुमार चौधरीको संयोजकत्वमा श्री अशोक कुमार गुप्ता र शिक्षा शाखा प्रमुख श्री हरि प्रसाद झवाली सहित तीन सदस्यीय समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

२०७९।६।२८

प्रमुख प्रशासकीय अधिकृत

४. क.व.न.पा. वडा नं. १० वडा कार्यालयबाट अनुरोध भइ आए बमोजिम नगर स्तरीय योजना नगवा, गड्डुलगंगा देखि फेदराठ, तेनुवा, राजकुला हुँदै जगदीशपुर ताल सम्मको योजनालाई अधुरो बिकुली फेदराठ कालो पत्रे सडक कायम गर्न आगामी नगरसभाबाट अनुमोदन हुने गरी नाम संशोधन गर्ने निर्णय गरियो ।

५. यस नगरपालिका तथा अर्न्तगतका सबै वडा उपर पर्ने सबै प्रकारका मुद्दा मामिलामा लिखित जवाफ फिराद तथा प्रतिउत्तर लगाउन तथा नगरपालिकाको तथा वडा कार्यालयको तर्फबाट फिराद/रिट निवेदन दिनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

६. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९/०६/२५, च.नं. ९४ को पत्रबाट थाइल्याण्डको खोनकान शहरसंग भगिनी सम्बन्ध कायम गर्ने विषय अनुसार यस कपिलवस्तु नगरपालिका र थाइल्याण्डको खोनकान शहरसंग भगिनी सम्बन्ध कायम गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने साथै नगर प्रमुख ज्यूबाट समझदारी पत्रमा हस्ताक्षर गर्ने निर्णय गरियो ।

७. नगरपालिकाको पक्षमा कानुनी प्रतिरक्षा गर्न तथा न्यायिक समितिलाई न्याय सम्पादन गर्न सहयोग गर्नको लागि अधिवक्ता होमनाथ पाण्डेयलाई मनोनयन गर्ने तथा हाल सम्म नगरपालिकाको तर्फबाट कानूनी प्रतिरक्षा गर्नु भएको अधिवक्ता हुँम बहादुर कुँवर ज्यूलाई उहाँले पुर्‍याउनु भएको योगदानको कदर गर्दै हार्दिक धन्यवाद व्यक्त गर्ने निर्णय गरियो ।

८. समसामायिक विविध निर्णयहरु

    १. आ.व. २०७८/०७९ को ठेक्का नं. KM/NCB/BDG/078/079-43 प्रविण निर्माण सेवाको लगत इस्टीमेट गर्दा BOQ मा प्लिन्थ बिम र जगको बिम बिचको इटाको पर्खाल निर्माण कार्य र जमिनको पहिलो तलामा माटो भर्ने काम छुट भएकोमा पेश भए भमोजिम Variation Order को टिप्पणी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत